PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ,

**मिति: २०८०/०१/०७ गते।**

०१-५३३९५६९

०१-५३४११७७

## प्रेस विज्ञप्ति-८

## Press Release-8

**"ओमन पुऱ्याई मानव बेचविखन गर्ने अभियुक्त पक्राउ।"**

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (१५९) लाई प्रतिवादी शुक राज लिम्बु समेतले बैदेशिक रोजगारको लागि ओमन देशमा फ्रि भिषा फ्रि टिकटमा मासिक रु.५०/६० हजार रुपैया कमाई हुने घरेलु काममा पठाई दिन्छु भनि बिभिन्न किसिमको प्रलोभनमा पारी मिति २०७९/१०/२१ गते त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट ओमनको भिजिट भिषामा दुबई ट्रान्जिट बनाई ओमनको **Al Ghubra,Sultanate** पुऱ्याई कम्पनीमा राखी ३५०० ओमनी रियलमा ओमनी घर मालिकलाई बिक्री गरी शारिरीक तथा मानसिक यातना दिई ओमनी घर मालिकले २२ घण्टासम्म काममा लगाएको अबस्थामा निज जाहेरवाला अचानक बेहोश भई पुन: कम्पनीमा फिर्ता गरी कम्पनीको मालिकले आफ्नो घर तथा अफिसको काममा लगाई राखेको अबस्थामा जाहेरवालाले नेपालमा रहेका आफ्ना भाईसंग कुरा गर्दा ओमन स्थित नेपाली दुतावासमा सम्पर्क गर्नु भनि भाईले बताए अनुसार जाहेरवाला उक्त कम्पीबाट भागि नेपाली राजदुतावासमा पुगि ६ दिनसम्म बसी नेपालबाट हवाई टिकट लिई मिति २०७९/११/२९ गते नेपाल फर्कन सफल भएको भन्ने मानव बेचबिखन तथा ओसारपसार मुद्दामा प्रतिवादीहरु शुक राज लिम्बु र बिष्णु तामाङलाई मिति २०८०/०१/०५ गते पक्राउ गरी काठमाण्डौ जिल्ला अदातलबाट दिन ५ (पाँच) को म्याद अनुमति लिई आबश्यक अनुसन्धान कार्य भई रहेको।

**पक्राउ परेका अभियुक्तहरू:-**

क) जिल्ला ईलाम साबिक एकतप्पा गा.बि.स.वडा नं.३ परिवर्तित फाकफोकथुम गाउँपालिका वडा नं.६ स्थायी वतन भई हाल का.जि.का.म.न.पा.गौरीघाट बस्ने बर्ष ४० को शुकराज लिम्बु।

ख) जिल्ला सिन्धुपाल्चोक साबिक मांखा गा.बि.स.वडा नं.७ परिवर्तित बलेफी गाउँपालिका बडा नं.६ स्थायी वतन भई हाल जिल्ला ललितपुर ललितपुर महानगरपालिका भैसेपाटी बस्ने बर्ष ४५ को बिष्णु तामाङ।

प्रबक्ता

(कृष्ण प्रसाद पगेनी)

प्रहरी उपरीक्षक

सम्पर्क नम्बर:-९८५१२८१३३०